नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-
च. न.:-

## प्रेस विज्ञप्ति

नेपाल आयल निगमलको सञ्चालक समितिबाट पेट्रोलियम पदार्थको विक्रेतालाई दिने रकममा वृद्धि भएको र ग्याँस उद्यमीको ढुवानी तथा लागत खर्चमा केही सामान्य वृद्धि भएको विषयमा विगत केही दिन देखी विभिन्न अनलाइन मिडिय एवम् छापाहरुमा आएको समाचारहरु प्रति यस मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको छ ।

पेट्रोलियम बिक्रेताको कमिसनमा प्रतिशत वृद्धि भएको नभई विगतमा प्रयोगमा आएको मूल्य वृद्धिलाई मध्यनजर गरी निश्चित मूल्यभन्दा बढी नपाउने गरी क्यापिङ्ग गरिएकोमा विगत तीन वर्षदेखि ढुवानी व्यवसायीको व्यवसायिक खर्चमा वृद्धि भएको कारणले गर्दा क्यापिङ्ग खुलाई स्वचालित मूल्य वृद्धि प्रणाली अनुसार नै मूल्य वृद्धि गर्ने पेट्रोलियम ढुवानी सम्बद्ध संघ संस्थाहरुले माग गरिएको विषयमा नेपाल आयल निगमको सञ्चालक समितिबाट क्यापिङ्ग गरिएको मूल्यमा सामान्य बढोत्तरी भएको छ । हाल क्यापिङ्गमा भएको वृद्धि र ग्याँस सिलिण्डरको ढुवानी र प्रशासनिक खर्चमा भएको वृद्धिबाट पेट्रोलियम पदार्थको उपभोक्ता मूल्य वृद्धि नहुने व्यहोरा समेत जानकारी गराईन्छ। ग्याँस उद्योगीहरुको लागि प्रति सिलिण्डर व्यवस्थापकीय र अन्य खर्चबापत विगत ६ वर्षदेखि पुनरावलोकन नगरिएको विषयमा उद्योगीहरुबाट विभिन्न समयमा राखिएको मागलाई कसरी सम्बोधन गर्न सकिन्छ भन्ने विषयमा एक अध्ययन समिति बनाई समितिको प्रतिवेदनको आधारमा निगम सञ्चालक समितिबाट भएको निर्णयको विषयलाई अतिरञ्जित गरी यस मन्त्रालयका माननीय मन्त्रीज्यू लगायत अन्य कर्मचारीहरुलाई विभिन्न लाञ्छना लगाई समाचार प्रकाशन भएको विषयमा मन्त्रालयको तर्फबाट खेद प्रकट गर्दछौं । समाचारमा प्रकाशित भएको विषय निराधार र कपोलकल्पित रहेको र उक्त समाचारमा कुनै सत्यता नभएको व्यहोरा जानकारी गराईन्छ।

साथै, अब उप्रान्त यसरी समाचार प्रकाशन गर्दा सरोकारवाला निकायसँग राम्रो जानकारी लिई सत्य तथ्यमा आधारित समाचार मात्र प्रकाशन तथा प्रसारण गरिदिनुहुन उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सबैमा हार्दिक अनुरोध गर्दछ ।

मितिः-२०८१।११।२३

सहसचिव/प्रवक्ता

फोन नं.: ४२११५७५, ४२११४४६, फ्याक्स नं.: ५७७-१-४२११६१५
Website: http://www.moics.gov.np